# मिति २०७७ साल आश्विन १४ गतको कार्यपालिकाको निर्णयहरुः

निर्णय नं.१,

प्रस्ताव नं १ माथि छलफल गर्दा राजपुर गाउँपालिका भित्रका विभिन्न कार्य गरेवापत प्राप्त भएका निवेदनहरुको आधारमा विभिन्न व्यक्ति/संस्थाहरुलाई तीनीहरुले गरेको कामको आधारमा देहाय अनुसार भुक्तानी दिने ।

तपशिल :

| क्र.स. | भुक्तानी माग गर्ने व्युक्ति/संस्था | गरेको काम/सेवाको विवरण | माग गरेको रकम रु. | भुक्तानी गर्नुपर्ने रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | माधु चौधरी | हुलाकी सडक अन्तरगत वडा नं ६ को राजपुर खण्डमा मर्मतको लागि मिस्कड ढुवानी गरेको | ७२००. | ७२००. | वडा नं. ६ बाट शिफारिस भई आएको |
| २ | प्रेमकुमार चौधरी | " " " " | ६८००. | ६८००. | " " |
| ३ | प्रदुमन चौधरी | " " " " | ८००. | ८००. | " " |
| ४ | चालक : मनीराम बुढा | म वडा न. ५ बस्ने मनीराम बुढाले मिति २०७७।३।१५ देखि ऐ.३० गते सम्म जम्मा १५ दिन र तिलक बस्नेतले सहचालकको रुपमा जम्मा ८ दिन काम गरेको हुदा उक्त काम गरेवापतको रकम पाउँ भनि निवेदन दिएको | चालकलाई नियमानुसार भुक्तानी दिने र सह-चालकको हकमा दोहोरो नपर्ने गरि पहिलोको बाट कटटा गरि चालक मनिराम बुढा संग काम गर्ने सहचालकलाई भुक्तानी गर्ने | | डोजर चालक विरामी भएको समयमा काम गरेको । |
| ५ | गाडी धनी : गनदेवी खड्का | गाउँपालिकाको ढुवानी अनुदान प्राप्त हुने खाद्यान्न खरिद गरी सुनपतरी नाकामा विक्रि गर्न बाटो विग्रिएको कारण गाउँपालिकाको डोजर माग गरेको भएपनि व्यस्तताको कारण आउन नसक्दा व्यक्तिगत रुपमा वढा नं ७ बस्ने श्री गनदेवी खड्काको डोजरबाट बाटो मर्मत गरेकोले जम्मा २२ घण्टा बराबरको रकम भुक्तानी गरिदिने भनि ७ नं वडा कार्यालयबाट सिफारिस भई आएको | ४४०००. | ४४००० | |

निर्णय नं २,

प्रस्ताव नं २ माथि छलफल गर्दा कोरोना माहामारीको सन्दर्भमा देउखुरी क्षेत्रलाई सेवा पुऱ्याउने उद्देश्यले राप्ती गाउँपालिकाको लालमटियामा स्थापना भएको आइसोलेसन केन्द्रमा आवश्यक पर्ने विभिन्न तहको जनशक्ति यस माग भई आएको सम्बन्धमा स्वास्थ्यसंग सम्बन्धित जनशक्ति उपलब्ध गराइएको र कार्यालय सहयोगी एक उपलब्ध गराउन नसकेको सम्बन्धमा एक जना कार्यालय सहयोगी त्यहीबाट व्यवस्था गर्ने र त्यस बराबरको बजेट व्यवस्था गर्ने समझदारी अनुसार श्री रुकुम बहादुर जि.सीलाई मिति २०७७ आषाढ २६ गते देखि आइसोलेसन सेन्टर संचालनमा रहेसम्म हाजिरी प्रमाणित भई आए अनुसारको रकम भुक्तानी दिने ।

निर्णय नं ३,

प्रस्ताव नं १२ माथि छलफल गर्दा सशस्त्र प्रहरी बल नेपाल,नं. २९ गण हे.क्वा.ज्वालामाई दाङको पत्रानुसार पटौली नाका,सुकौली नाका,सुख्खा नाका,फोहरी नाका,छेग्रिया नाका र भैसाही नाकाहरुमा निकट भविश्यमा सशस्त्रप्रहरीको बोर्डर आउट पोष्ट स्थापना हुने भएको हुदा आवश्यक भौतिक पूर्वाधार निर्माणको लागि आवश्यक सहयोग गरिदिनुहुन अनुरोध गरिएकोछ भनि लेखि आएको सम्बन्धमा विचार गर्दा यस गाउँपाकिाबाट वोर्डर आउट पोष्ट निर्माण,मर्मत लगायतका कार्यमा आवश्यक सहयोग हुदै आएको र यस समयमा पनि हीउदे गाउँसभामा छलफल गरी सक्दो सहयोग गर्ने कुरा जानकारी गराउने ।

निर्णय नं. ४,

प्रस्ताव नं ४ माथि छलफल गर्दा व्यक्तिगत घटना दर्तालाई व्यवस्थित गरी बस्तुनिष्ट बनाउन विगत देखिका सबै व्यक्तिगत घटना दर्तासंग सम्बन्धीत विवरणहरु Digitization गर्ने कार्यको लागि सशर्त तर्फ बजेट विनियोजन भएकोले पुरानो अभिलेख Digitization गर्नुभन्दा पहिला हालको व्यक्तिगत घटना दर्ता कार्यलाई अनलाइन सिस्टममा लैजान अनिवार्य भएकोले मिति २०७७ कार्तिक १ गते उपरान्त व्यक्तिगत घटना दर्ता कार्य अनलाइन सिस्टमबाट गर्ने ।

निर्णय नं. ५,

प्रस्ताव नं ५ माथि छलफल गर्दा राजपुर गाउँपालिकामा निकट भविश्यमा(केही महिना पछिबाट) भवन निर्माण मापदण्ड लागु गर्न लागिएकोले सो मिति सम्म बनेका आर.सि.सी. पक्की घरहरुको अभिलेख व्यवस्थित गर्न आवश्यक हुने हुदा त्यस्ता भवनहरुको अभिलेखिकरण तयार गर्ने कार्य सुरु गर्ने ।

निर्णय नं. ६,

प्रस्ताव नं ६ माथि छलफल गर्दा विश्वव्यापी महामारीको रुपमा रहेको कोराना रोगको सक्रमण रोकथामको सिलसिलामा यस गाउँपालिकाको विभिन्न स्थानमा संचालन भएका क्वारेन्टाइन स्थलमा आवश्यक पर्ने विभिन्न सामाग्रीहरु खरिद गरिएको र हाल प्राय सबै क्वारेन्टाइनहरु बन्द अवस्थामा रहेकोले ती क्वारेन्टाइनहरुमा रहेका सामाग्रीहरुको सही व्यवस्थापन गर्नुपर्ने भएकोले ती सामाग्रीहरुको लगत लिने,एकिकृत गर्ने तथा व्यवस्थित भण्डारण जस्ता कार्य गर्न तपशिलको तीन सदस्यीय उपसमिति गठन गर्ने र उक्त समितिले क्वारेन्टाइन मूल तथा अन्य समितिको सल्लाह र समन्वयमा काम गरी ७ दिन भित्र कार्यालयमा प्रतिवेदन दिनुपर्ने छ । उक्त समितिका पदाधिकारीहरुलाई पनि मूल समिति सरहनै बैठक भत्ता उपलब्ध गराउने ।

तपशिल

१.दिमति ओली - संयोजक

२.स्वास्थ्य संयोजक - सदस्य

३.स्टोर इकाईका कर्मचारी - सदस्य

निर्णय नं. ७,

प्रस्ताव नं ७ माथि छलफल गर्दा गत आ.व.२०७६।७७ मा यस गाउँपालिकाको विभिन्न क्षेत्रबाट नदिजन्य पदार्थ संकलनको लागि ठेक्का लिएका ठेकेदारहरुबाट संकलन गरी स्टक गरेको अवस्थामा भएको नदिजन्य पदार्थ एकिन गरी तोकिएको परिमाण भन्दा बढी भएको भए तोकिए अनुसार राजश्व असुली गर्नुपर्ने हुनाले आश्विन मसान्त भित्र  जि.स.सको समन्वयमा स्टकहरुको नाप जाँच गरी सो को प्रतिवेदन कार्यपालिकामा पेश गर्ने ।

निर्णय नं. ८,

प्रस्ताव नं ८ माथि छलफल गर्दा कार्यपालिकाको मिति २०७७।१।२४ गतेको बैठकबाट कोरोना भाइरसको संक्रमणका कारण लक डाउनको अवस्थामा कृषकलाई बीउ खरिदमा प्राकृतिक प्रकोप व्यवस्थापन कोषबाट ५० प्रतिशत अनुदान उपलब्ध गराउने गरी  निर्णय भएकोले यस गाउँपालिका क्षेत्रभित्रका धान खेत गर्ने कृषकहरुलाई वडा कार्यालयले सोझै वा एग्रो भेट पसलसंग समन्वय गरी धानको खरिद गरी ५० प्रतिशत अनुदानमा सम्बन्धीत कृषकहरुलाई वितरण गरेकोले  ६ नं. वडा कार्यालयबाट माग गर्न छुट  भएको रकमको ५० प्रतिशत बराबरले हुन आउने तपशिल बमोजिमको विवरण अनुसारको जम्मा रकम स्थानीय प्राकृतिक प्रकोप व्यवस्थापन कोषबाट सम्बन्धीत पसललाई भुक्तानी दिने ।

तपशिल :

| वडा नं. | धानको विउको परिमाण (Kg) | जम्मा रकम (रु) | गा.पा. बाट दिने अनुदान रकम | जग्गाको क्षेत्रफल ( विघा-कट्ठा-धुर | कैफियत |
|---|---|---|---|---|---|
| ६ | १२४३ | ५०३६९० | २५१८४५ | १२३-२-० | |

निर्णय नं. ९,

प्रस्ताव नं ९ माथि छलफल गर्दा राजपुर गाउँपालिकाका जनताको स्वास्थ्य सम्बन्धी अधिकारलाई सर्वसुलभ,सहज र विश्वसनीय सेवाको माध्यमबाट सुनिश्चित गर्न गाउँपालिकाको वित्तिय क्षमता,भौगोलिक अवस्था तथा अन्य बैकल्पिक व्यवस्था समेतको आधारमा तत् सम्बन्धी नीति,नियम तथा मापदण्ड तय गरी समानताको आधारमा स्वास्थ्य सेवा पुऱ्याउन आवश्यक भएकोले गाउँपालिकाको स्वाथ्य सेवालाई व्यवस्थित गर्न स्वास्थ्य नीति निर्माण गर्ने ।

निर्णय नं. १०,

प्रस्ताव नं १० माथि छलफल गर्दा प्रहरी चौकी चंगुवाको मिति २०७७।६।१५ च.नं. २० को पत्रानुसार उक्त प्रहरी चौकी लाई कार्यालय तथा मेस व्यवथापनका लागि आवश्यक सामानहरु  उपलब्ध गराई दिनु  भनी लेखी आएकोले माग भए बमोजिमका तपशिलका सामानहरु उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल :

१. कुर्सि पलाष्टिकको  - १० थान

२. टेबुल काठको   - १ थान

३. बेन्च फलामको - १ थान
४. पलाष्टिक बाल्टी - ४ थान ( रेडक्रमले सहयोग गरेको बाल्टी दिने )

निर्णय नं. ११,
प्रस्ताव नं ११ माथि छलफल गर्दा जनज्योति मा.वि , राजपुर २ बेलामा संचालित क्वरेनटाइन व्यवस्थापनको सिलशिलामा दई स्थानमा ४ वटा टवाइलेटहरु निर्माण गरिएकोले ति निर्माण गरिएका टवाइलेटहरुको सम्बन्धमा क्वारेनटाइन सञ्चालन मुल समितिको मिति २०७७।०६।१४ गतेको बैठकको सिफारिस बमोजिम प्राविधिक मूल्याङ्कन बिलको आधारमा विपद व्यवस्थापन(कोरोना) कोषबाट खर्च हुने गरि भुक्तानी दिने ।

निर्णय नं. १२
प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस राजपुर गाउँपालिका अन्तगरगतका विद्यायलयहरुमा नेपाल सरकार स्वास्थ्य मन्त्रालयबाट तोकीएको स्वास्थ्य सुरक्षाको मापदण्ड पुरा गर्ने गरि आफ्नो विद्यालय शिक्षण सिकाई क्रियाकलापलाई सञ्चालन गर्न निर्देशन दिने साथै स्वास्थ्य सुरक्षाको लागि आवश्यक पर्ने माक्स सेनेटाइजर सहयोग गर्न मानव कल्याण तथा वातावरण संरक्षण केन्द्र लगायत अन्य संघ सस्थालाई अनुरोध गर्ने र सो विषय संग सम्बन्धि अन्य केही पुरक निर्णय गर्नु परेमा शिक्षा समितिको निर्णय अनुसार हुने ।